### नेपाल रिपब्लिक मिडिया लिमिटेडको

# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस नेपाल रिपब्लिक मिडिया लिमिटेडको संचालक समितिको मिति २०८१/०७/१३ गते तदनुसार २०२४ अक्टुवर २९ मंगलबार बेलुका ५.०० बजे बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम बोलाईएको कम्पनीको चौंथो **वार्षिक साधारण सभा** निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धी सूचना कम्पनीको वेबसाईट www.nepalrepublicmedia.com मा समेत प्रकाशन गरिएको छ। यसैलाई सूचना मानी चौंथो वार्षिक साधारण सभाको कार्यक्रममा सहभागी हुनका लागि हार्दिक अनुरोध गरिन्छ।

**चौंथो वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थानः**

मिति : २०८१ मंसिर १० गते, सोमबार (तदनसार २५ नोभेम्बर २०२४)

समय : बिहान १०:३० बजे, उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि नै खुल्ला राखिने छ।

स्थान : काठमाण्डौं ब्याङक्वेट, थापागाउँ, काठमाडौं।

**छलफलका विषयहरुः**

क) सामान्य प्रस्तावहरुः

१) आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।

२) आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

ख) विविध।

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१) उल्लेखित कम्पनीको चौथो वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८१/०७/२८ गते एकदिनका लागि बन्द रहनेछ। शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८१/०७/२८ भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. बाट कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार एन.आइ.एम.बि.एस. क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिनसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

२) वार्षिक साधारण सभामा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा १ (एक) घण्टा अगावै देखि खुला रहनेछ।

३) सम्पुर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको सुन्धारा, काठमाडौं स्थित प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ। वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाईट www.nepalrepublicmedia.com तथा शेयर रजिष्ट्रार कार्यालय एन.आइ.एम.बि.एस. क्यापिटल लिमिटेड, काठमाडौंमा समेत उपलब्ध हुने व्यहोरा सुचित गराईन्छ।

४) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनु भन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ।

५) सभामा प्रवेशका लागि DMAT Account No. तथा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन।

६) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय सुन्धारामा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक हुनेछ। उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ।

७) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर वा कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीहरुलाई प्रतिनिधि बनाई नियूक्त गरि दिईएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः खारेज हुनेछ।

८) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय सुन्धारामा बुझाई सक्नुपर्नेछ।

९) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतीमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतीबाट नियुक्त प्रतिनिधि (प्रोक्सी) ले मात्र सभामा भाग लिन पाउनेछ।

१०) नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ।

११) शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुदाँ सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनुहुन अनुरोध छ। सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्न सक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

१२) सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ।

१३) साधारण सभा सम्बन्धी अन्य सम्पूर्ण काम कारवाहीहरु कम्पनीको प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**